# माण्डवी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ५ संख्या: ३ मिति: २०७८/०४/०१

## भाग १

## माण्डवी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम माण्डवी गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## सम्वत् २०७८ सालको ऐन नं. २

## माण्डवी गाउँपालिकाको विनियोजन ऐन, २०७८

माण्डवी गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: माण्डवी गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम माण्डवी गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम माण्डवी गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च,समपुरक कोष विषेश कोष र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४३४६१४५५८।७८ (अक्षरुपी त्रिचालिस करोड छयालीस  लाख चौध हजार पाँच सय अन्ठाउन्न पैसा अठहत्तर मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐन सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त माण्डवी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ

कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची—१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | संञ्चित कोषमा प्राप्त हुने अनुमानित रकम | | | | | |
| १. | | वित्तिय समानिकरण अनुदान संघिय सरकार | | ७८६०००००।०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | | वित्तिय समानिकरण अनुदान प्रदेश सरकार | | ३६२५०००।०० | | |
| ३. | | शसर्त अनुदान संघिय सरकारबाट | १४३६०००००। | २१७००००००।०० | | |
| ४. | | शसर्त अनुदान प्रदेश सरकारबाट | ५४४०००।०० | ८००००००।०० | | |
| ५. | | विशेष अनुदान संघिय सरकारबाट | | ८३०००००।०० | | |
| ६. | | विशेष अनुदान प्रदेश सरकारबाट | ३९०००००।०० | २१०००००।०० | | |
| ७. | | समपुरक अनुदान संघिय सरकारबाट | | ४२०००००।०० | | |
| ८. | | समपुरक अनुदान प्रदेश सरकारबाट | | १५००००००।०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | | राजश्व बाडफाट संघिय सरकारबाट | ६२१८९०००। | ५००००००।०० | | |
| १०. | | राजश्व बाँडफाट प्रदेश सरकारबाट | ५६५६५५८।७७ | | | |
| ११. | | आन्तरिक आम्दानी अनुमानित | ७७०००००।०० | | | |
| १२. | | आन्तरिक आम्दानी अनुमानित अल्या रकम | १४५०००००। | | | |
| १३. | | शसर्त अनुदान संघिय सरकारबाट (सामाजिक सुरक्षा भत्ता) | ५००००००० | | | |
| | | जम्मा | २८८०८९५५८.७७ | १४६५२५०००।०० | | ४३४६१४५५८.७७ |
| संचितकोषबाट खर्च हुने | | | | | | |

आ.व. : २०७८/७९

| सि.नं. | संकेत | शीर्षक | विनियोजन | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| १ | २ | आर्थिक विकास | ४,३३,३०,००० | २,५०,००० | ३,९८,३५,००० | ३२,४५,००० | ० | ० | ० | ० |
| १ | २०१ | कृषि | १,१०,५५,००० | ० | १,०३,१०,००० | ७,४५,००० | ० | ० | ० | ० |
| २ | २०२ | उद्योग | ३०,००,००० | ० | ३०,००,००० | ० | ० | ० | ० | ० |
| ३ | २०३ | पर्यटन | २,०२,००,००० | २,५०,००० | १,९९,५०,००० | ० | ० | ० | ० | ० |
| ४ | २०६ | जलश्रोत तथा सिंचाई | ७२,६५,००० | ० | ४७,६५,००० | २५,००,००० | ० | ० | ० | ० |
| ५ | २०८ | पशुपन्छी विकास | १८,१०,००० | ० | १८,१०,००० | ० | ० | ० | ० | ० |
| २ | ७ | सामाजिक विकास | २०,१२,९२,००० | १,९७,५०,००० | १७,४५,१२,००० | ७०,३०,००० | ० | ० | ० | ० |
| १ | ७०२ | सामाजिक सुरक्षा तथा संरक्षण | ६,४३,००,००० | ० | ६,४३,००,००० | ० | ० | ० | ० | ० |
| २ | ७०३ | युवा तथा खेलकुद | ८८,१०,००० | ० | ६३,१०,००० | २५,००,००० | ० | ० | ० | ० |
| ३ | ७०४ | खानेपानी तथा सरसफाई | ७१,००,००० | ० | ५१,००,००० | २०,००,००० | ० | ० | ० | ० |
| ४ | ७०६ | शिक्षा | १२,२९,६३,००० | १,४४,९८,००० | १०,८४,६५,००० | ० | ० | ० | ० | ० |
| ५ | ७०७ | स्वास्थ्य | ४,४०,९४,००० | ५२,५२,००० | ३,८८,४२,००० | ० | ० | ० | ० | ० |
| ६ | ७०८ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ४०,२५,००० | ० | १४,९५,००० | २५,३०,००० | ० | ० | ० | ० |
| ३ | ३ | पूर्वाधार विकास | ५,१८,२५,००० | ३७,००,००० | ३,७१,२५,००० | १,१०,००,००० | ० | ० | ० | ० |
| १ | ३०१ | यातयात पूर्वाधार | २,५९,०५,००० | ३७,००,००० | १,१२,०५,००० | १,१०,००,००० | ० | ० | ० | ० |
| २ | ३०२ | भवन, आवास तथा सहरी विकास | २,३१,२०,००० | ० | २,३१,२०,००० | ० | ० | ० | ० | ० |
| ३ | ३०३ | उर्जा | २८,००,००० | ० | २८,००,००० | ० | ० | ० | ० | ० |
| ४ | ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,४२,०३,००० | ८५,००,००० | ४३,०३,००० | १,१४,००,००० | ० | ० | ० | ० |
| १ | ४०५ | कानुन तथा न्याय | ४,००,००० | ० | ० | ४,००,००० | ० | ० | ० | ० |
| २ | ४०६ | शान्ति तथा सुव्यवस्था | ५,००,००० | ० | ५,००,००० | ० | ० | ० | ० | ० |
| ३ | ४०९ | श्रम तथा रोजगारी | १,२५,००,००० | ७५,००,००० | ० | ५०,००,००० | ० | ० | ० | ० |
| ४ | ४१२ | योजना तर्जुमा र कार्यन्वयन | ९५,०३,००० | १०,००,००० | २५,०३,००० | ६०,००,००० | ० | ० | ० | ० |
| ५ | ४१४ | तथ्यांक प्रणाली | १२,००,००० | ० | १२,००,००० | ० | ० | ० | ० | ० |
| ६ | ४१६ | मानब संशाधन विकास | १,००,००० | ० | १,००,००० | ० | ० | ० | ० | ० |
| ५ | १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६,३९,६४,५५८.७७ | ६,२८,४५,५५८.७७ | ६,२५,००० | ४,९४,००० | ० | ० | ० | ० |
| १ | १०१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६,३९,६४,५५८.७७ | ६,२८,४५,५५८.७७ | ६,२५,००० | ४,९४,००० | ० | ० | ० | ० |
| कुल जम्मा | | | ४३,४६,१४,५५८.७७ | ९,५०,४५,५५८.७७ | ३०,६४,००,००० | ३,३१,६९,००० | | | | |

**प्रमाणीकरण मिति : २०७८/०३/२९**

**आज्ञाले,**

**शिसिर रिजाल**

**प्रमुख प्रशासकीय अधिकृत**